# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड १० चौमाला, कैलाली श्रावण २७ गते, बुधबार २०८३ साल (संख्या १२)


## पशु विकास शाखाको स्वीकृत कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०४।१४**

गौरीगङ्गा नगरपालिकाबाट कार्यान्वयन हुने पशुसेवा कार्यक्रमहरुलाई गुणस्तरीय, प्रभावकारी पारदर्शी एवम उत्तरदायी रुपमा संचालन गरी पशुपन्छी तथा पशुपन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गरि रोजगारी सिर्जना गर्नुका साथै बजारीकरण व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम “**पशु सेवा कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** रहेको छ।

(ख) यो कार्यविधि गौरीगङ्गा नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(ग) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः**

(क) **"नगरपालिका"** भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनु पर्दछ।

(ख) **"शाखा"** भन्नाले नगरपालिकाको पशु विकास शाखा सम्झनु पर्दछ।

(ग) **"सेवा केन्द्र"** भन्नाले नगरपालिले स्थापना गरेका पशु सेवा केन्द्रहरुलाई सम्झनु पर्दछ।

गौरीगङ्गा राजपत्र

(घ) **"स्वीकृत कार्यक्रम"** भन्नाले पशु विकास शाखाले आर्थिक वर्षका लागी स्वीकृत वार्षिक कार्यक्रम र बजेट सम्झनु पर्दछ।

ङ) **"पशुपन्छी"** भन्नाले गाइ/गोरु, भैंसी/राँगा, भेडा/बाख्रा, बंगुर/सुँगुर, हाँस, कुखुरा, खरायो, कुकुर बिरालो, घोडा, माछा र जंगली जनावार सम्झनु पर्दछ ।

च) **"कृषक"** भन्नाले पशुपन्छी तथा मत्स्य पालन गर्ने किसान सम्झनु पर्दछ।

छ) **"कृषक समूह"** भन्नाले कम्तिमा १० जना कृषकहरु संगठित भई गठन भएको कृषकको समुहलाई सम्झनु पर्दछ

ज) **"फर्म"** भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही यस नगरपालिकामा दर्ता भएको फर्म सम्झनु पर्दछ।

झ) **"औषधी"** भन्नाले पशुपन्छीको उपचारका लागि खरिद गरिने एन्टिबायोटिक, भिटामिन, जुकाको औषधि, खोप र अन्य सर्जिकल सामग्री सम्झनु पर्दछ।(झ) **"समिति" भन्नाले दफा ४ बमोजिम गठीत छनौट समितिलाई सम्झनु पर्दछ ।**

## परिच्छेद-२

## उद्धेश्य

**३. स्वीकृत कार्यक्रमको उद्धेश्यः** पशु विकास शाखाले देहाय बमोजिमका उद्धेश्यका लागि स्वीकृत कार्यक्रम संचालन गर्नेछः

(१)नगरपालिका बाट संचलान हुने पशुसेवा कार्यक्रम संचालन सरल, सहज, पारदर्शी, प्रभावकारी, एवंम् गुणस्तरयुक्त बनाउने

(२)पशुपन्छी उत्पादन र उत्पादकत्व वृद्धि गरि आय आर्जन तथा रोजगारी सिर्जना गर्ने

(३)अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रक्रियालाई सरल, निष्पक्ष, तथा पारदर्शी बनाउने ।

(४)पशु स्वास्थ्य तथा पशु रोग निदान प्रक्रियालाई गणस्तरीय बनाउने ।

(५)लाभग्राही छनौट प्रक्रियालाई स्पस्ट र पारदर्शी बनाउने ।

(६)नगरपालिका क्षेत्र भित्र उत्पादित पशुपन्छी तथा पशुपन्छी जन्य उत्पादनमा आत्मनिर्भर भई उचित बजारीकरण गर्ने ।

## परिच्छेद-३

## छनौट समिति, काम कर्तब्य र अधिकार

**४. छनौट समितिः (१) पशु शाखाको स्वीकृत कार्यक्रम लाई प्रभावकारी वनाउन र कार्यक्रममा सहभागि हुनका लागि प्रकाशित आवदेन सूचनामा प्राप्त आवेकबाट कार्यक्रम सहभागि हुने निवेदक चयन गर्नकालागि देहाय बमोजिमको** छनौट समिति हुनेछः

क) नगर प्रमुख - संयोजक

ख) नगर उप प्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ) आर्थिक विकास शाखा प्रमुख - सदस्य

ङ) पशु बिकास शाखा प्रमुख - सदस्य सचिव

(२) माथि उल्लेखित छनौट समितिमा बढीमा २ जना विषय विज्ञलाई आमन्त्रित सदस्य रहन सक्ने छन।

(३) समितिको बैठक शाखाको समन्वयमा संयोजकको आदेशानुसार आवश्यकता अनुसार बस्न सक्नेछ ।

५. **<u>छनौट समितिका काम कर्तब्य र अधिकारः</u>** छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१)प्रकाशित सूचना अनुसार प्राप्त भएका निबेदनका आधारमा लाभाग्राहि छनौटका आधार निर्माण गर्ने ।

(२)लाभग्राही छनौट गर्ने ।

(३)कार्यक्रम सम्झौता गरि कार्यान्वयनको चरणमा अगाडी बढाउन निर्देशन दिने ।

(४)कार्यक्रमको अनुगमन मुल्याङ्कन गर्ने ।

(५)कार्यक्रमको दुरुपयोग भएमा नसियत दिने वा कारवाही गर्ने।

६. **<u>छनौट प्रक्रियाः</u>** कार्यक्रममा सहभागिहरुको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) स्वीकृत प्रत्येक कार्यक्रमका लागि आवेदन माग गरी कम्तिमा १५ दिनको सार्वजनीक सूचना प्रकाशन गर्ने ।

ख) सूचनाको समय सिमा भित्र रित पुर्वक पेश हुन आएका आवेदनहरु शाखाले दर्ता गरी राख्ने ।

ग) प्राप्त आवेदनहरुको बारेमा शाखाले आवेदकको अवस्थाबारे अनुगमन गरी वा प्राप्त कागजातका आधारमा प्रारम्भिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने ।

घ) आवश्यकता र प्राथमिकताका आधारमा छनौट समितिले छनौटका आधार निर्माण गरिनेछ ।

ङ) निर्माण गरिएका छनौटका आधारमा प्राप्त निबेदन उपर छलफल गरि प्राथमिकताका आधारमा कार्यक्रमको लागि लाभग्राही छनौट गरिनेछ ।

च) छनौट भएका आवेदकलाई सम्झौता गर्न आउनकालागि सात दिने सूचना प्रकाशन गरिनेछ ।

छ) सूचना बमोजिम सम्झौता गर्न आउने आवेदकहरु संग सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ।

## परिच्छेद-४

## कार्यक्रम तथा संचालन प्रक्रिया

७. **कार्यक्रमः** पशु विकास शाखालाई प्रभावकारी बनाउन देहाय वमोजिमका कार्यक्रम हुनेछन् ।

**(क) नियमित पशुपन्छी उपचारका तथा औषधि खरिद कार्यक्रमः**

**(१) पशुहरूको उपचार कार्यक्रम प्रक्रियाः सेवा केन्द्रमा** उपचारका लागि आउने बिरामी पशुहरूको व्यवस्थित र प्रभावकारी उपचार सुनिश्चित गर्न देहाय बमोजिमको प्रक्रिया अवलम्बन गरिन्छ ।

(क) सेवा केन्द्रमा उपचारका लागि ल्याइएका पशुपन्छीको अनिवार्य दर्ता गरी पुर्जा काट्नु पर्नेछ।

(ख) उपलब्ध प्राविधिकले पशुको लक्षण हेरी तत्काल रोगको पहिचान र उपचार शुरु गर्नुपर्नेछ।

(ग) जटिल प्रकृतिको रोग भएमा वा केन्द्रमा उपचार सम्भव नभएमा सम्बन्धित प्राविधिकले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र (धनगढी) मा प्रेषण (Refer) गर्नुपर्नेछ।

(घ) केन्द्रमा ल्याउन नसकिने गरी थला परेका वा जटिल अवस्थाका पशुहरूको हकमा कृषकको अनुरोधमा प्राविधिकहरू गोठमै पुगेर सेवा दिनुपर्नेछ।

(ङ) गोठदैलो सेवाका लागि प्राविधिकको यातायात खर्चको व्यवस्थापन स्वयम कृषकले गर्नु पर्ने छ ।

(च) उपचारका क्रममा पशु मरेमा स्वयम पशुपालक कृषक जिम्मेवार हुनेछ ।

**(२) औषधि खरिद प्रक्रियाः**

(क) पशु सेवा शाखाले चौमाला र मसुरिया केन्द्रको मागका आधारमा आवश्यक औषधिको सूची (Specification) तयार गर्नेछ।

(ख) औषधि खरिद प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम उपभोक्ता समिति, कोटेसन वा बोलपत्र (Template/Tender) को माध्यमबाट गरिनेछ।

**(३) औषधि वितरणको वर्गीकरणः** औषधिलाई देहाय बमोजिम दुई भागमा विभाजन गरी वितरण गरिनेछः

(क) **पूर्ण निःशुल्क औषधिहरूः** नेपाल सरकार र नगरपालिकाको नीति अनुसार महामारी नियन्त्रणका खोपहरू, आकस्मिक जीवन रक्षक औषधिहरू, साधारण एन्टिबायोटिक, एन्टिसेप्टिक जुका/नाम्लेको औषधि, र भिटामिनहरू कृषकलाई पूर्ण निःशुल्क वितरण गरिनेछ।

(ख) **सहुलियत वा लागत सहभागिताः** विशेष वा महँगा एन्टिबायोटिक, हर्मोनल औषधिहरू, र व्यावसायिक फर्महरूका लागि कार्यालयले तोकेको न्यूनतम शुल्क वा लागत सहभागितामा वितरण गरिनेछ।

**(४) वितरणको सीमाः**

(क) साना तथा सीमान्तकृत कृषकहरूलाई औषधि वितरणमा प्राथमिकता दिइनेछ।

(ख) एक पटकमा एउटा पशुका लागि रोगको प्रकृतिका आधारमा बढीमा ३ देखि ५ दिनको मात्र औषधि उपलब्ध गराइनेछ।

**(५) अभिलेख व्यवस्थापनः**

(क) चौमाला र मसुरिया केन्द्रले दैनिक रूपमा उपचार गरिएका पशुको संख्या, कृषकको नाम, ठेगाना, रोगको नाम र वितरण गरिएको औषधिको विवरण छुट्टै 'स्टक तथा वितरण रजिस्टर' मा अनिवार्य रूपमा राख्नुपर्नेछ। म्याद नाघेका औषधिहरूलाई छुट्टै राखेर नियमानुसार नष्ट गरी लगत कट्टा गर्नुपर्नेछ।

(ख) दुवै सेवा केन्द्रले प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र आफ्नो कार्यसम्पादन र औषधि खर्चको मासिक प्रतिवेदन पशु सेवा शाखामा बुझाउनुपर्नेछ।

(ग) नगरपालिकाको अनुगमन समितिले जुनसुकै समयमा केन्द्रको औषधि भण्डारण र वितरणको आकस्मिक अनुगमन गर्न सक्नेछन्।

**ख. <u>पूर्णखोप अभियान कार्यक्रमः</u>** नगरपालिकामा रहेका पशुहरूमा लाग्ने महामारीजन्य तथा सङ्क्रामक रोगहरू नियन्त्रण गरी पशुधनको सुरक्षा गरी उत्पादन वृद्धि गर्दै नगरपालिकामा रहेका पशु संख्याको कम्तिमा ८० प्रतिशत पशुहरुमा खोपको सुनिश्चितता गर्न यो कार्यक्रम संचालन गरिनेछ ।जस्का लागि देहायका कार्यहरु गरिनेछ ।

(१)नगरपालिकालाई "पूर्ण खोपयुक्त क्षेत्र" बनाउन चौमाला र मसुरिया केन्द्रले प्रत्येक वडामा लक्षित पशुपन्छीको तथ्यांक संकलन गर्नेछन्।

(२)रोगको प्रकृति र मौसम अनुसार देहाय बमोजिमको खोप चक्र अनिवार्य रूपमा सञ्चालन गरिनेछः

(क) **गाईभैंसीः** खोरेत, भ्यागुते, चरचरे, र लम्पि स्किन खोप।

(ख) **भेडाबाखाः** पि. पि. आर. खोप।

(ग) **सुंगुरबंगुरः** क्लासिकल स्वाइन फिभर खोप।

(घ) **कुकुर/बिरालाः** रेबिज खोप।

(ङ) **कुखुरामाः** रानीखेत¸ गम्बारो र फावलपक्स ।

(च) **भेडा बाखामाः** ईन्टरोटक्सोमिया।

(३) खोप कार्यकर्ता (Vaccinator) र प्रोत्साहन भत्ताः

(क) अभियानलाई तीव्र बनाउन स्थानीय तहमा रहेका "पशु स्वास्थ्य कार्यकर्ता" वा "भ्याक्सिनेटर" हरूलाई परिचालन गरिनेछ।

(ख) खोप कार्यकर्तालाई नगर कार्यपालिका वा प्रदेश सरकारले तोकेको प्रतिपशु खोप दर उपलब्ध गराइनेछ।

(ग) पशु सेवा शाखाले दुवै केन्द्रको मागका आधारमा आवश्यक खोपको सूची तयार गर्नेछ।

(घ) खोप खरिद प्रचलित सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कोटेसन वा बोलपत्र (को माध्यमबाट गरिनेछ।

(ङ) दुवै सेवा केन्द्रले प्रत्येक महिना समाप्त भएको ७ दिनभित्र आफ्नो कार्यसम्पादन र खोप खर्चको मासिक प्रतिवेदन पशु सेवा शाखामा बुझाउनुपर्नेछ।

(च) म्याद नाघेका (Expired) खोपहरूलाई छुट्टै राखेर नियमानुसार नष्ट गरी लगत कट्टा गर्नुपर्नेछ।

**ग. <u>गाई-भैंसीमा कृत्रिम गर्भाधान तथा बाँझोपन निवारण शिविर सञ्चालनः</u>** गौरीगङ्गा नगरपालिकाले गाई-भैंसीको उत्पादकत्व बढाउन र नश्ल सुधार गर्न गाई-भैंसीमा कृत्रिम गर्भाधान तथा बाँझोपन निवारण शिविर सञ्चालन कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रमले गाउँ-टोल वा कृषकको गोठमै पुगेर पशुको प्रजनन स्वास्थ्य परीक्षण गर्ने र निःशुल्क कृत्रिम गर्भाधान गराउने प्रक्रियालाई नियमन गर्दछ।जसका लागि देहायका कार्यहरु गरिनेछन् ।

(१) व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गर्न उन्नत नश्लका राँगा र साँढेको वीर्य मार्फत कृत्रिम गर्भाधान सेवालाई गाउँ-गाउँसम्म पुऱ्याउने।



गौरीगङ्गा राजपत्र

(२) पोषण, संक्रमण वा अन्य कारणले रैथाने रूपमा गोठमा देखिएका गाई-भैंसीको बाँझोपन पहिचान गरी उपचार सेवा प्रदान गर्ने।

(क) स्थान र लक्षित क्षेत्र छनोटः
पशु सेवा केन्द्रहरुले आफ्नो कार्यक्षेत्र भित्रका गाई-भैंसीको घनत्व बढी भएका र पशु स्वास्थ्य सेवाको पहुँच कम भएका वडाहरूलाई प्राथमिकता दिई शिविरको स्थान तय गर्नेछन्।

(ख) साना किसान तथा दुग्ध उत्पादक सहकारी संस्था आबद्ध कृषक समूहहरूलाई लक्षित गरी शिविर आयोजना गरिनेछ।

(४) प्राविधिक टोली र विज्ञको परिचालनः

(क) शिविर सञ्चालनका लागि नगरपालिकाका उपलब्ध पशु स्वास्थ्य प्राविधिक, कृत्रिम गर्भाधान प्राविधिक परिचालन गरिनेछ।

(ख) जटिल बाँझोपन आदि को निदानका लागि आवश्यक परेमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र (धनगढी) बाट पशु चिकित्सक वा प्रजनन विशेषज्ञलाई आमन्त्रण गरिनेछ।

**(३) कृत्रिम गर्भाधान (AI) सेवा सञ्चालनः**

(क) कार्यालयमा ल्याइएका रैथाने वा क्रस गाई-भैंसीहरूको ऋतुकाल जाँच गरी उपयुक्त समयमा निशुल्क कृत्रिम गर्भाधान गराइनेछ।

(ख) तरल नाइट्रोजन र उन्नत जातका (जस्तैः जर्सी, होल्स्टिन, मुर्रा, बोयर, गिर र साहिवल) प्रमाणित साँढे/राँगाको वीर्य को व्यवस्थापन पशु सेवा शाखाले गर्नेछ।

**(५) बाँझोपन परीक्षण तथा उपचार मापदण्डः**

(क) लगातार २-३ पटकसम्म संस्थागत रूपमा गर्भाधान गराउँदा पनि गर्भ नरहेका र ब्याएको लामो समयसम्म पनि कोरली/भैंसी नपाएका पशुहरूको पाठेघरको भिडियो एक्सरे वा म्यानुअल परीक्षण गरिनेछ।

(ख) बाँझोपन निवारणका लागि आवश्यक पर्ने विशेष हर्मोनल औषधिहरू (जस्तैः GnRH, PGF२-alpha), एन्टिबायोटिक इन्ट्रा-युटेराइन औषधि, मिनरल मिक्सचर, र भिटामिनहरू कृषकलाई पूर्ण निःशुल्क वितरण गरिनेछ।

**(घ) <u>कृषि तथा पशु, बीमा सचेतना कार्यक्रमः</u>** नगरपालिकामा रहेका घरायसी तथा व्यावसायिक पशुपालनलाई प्रवर्द्धन गर्न र जोखिम न्यूनीकरणका लागि पशु, बीमा कम्पनी मार्फत कृषि तथा पशुपन्छी बीमा सचेतना कार्यक्रम संचालन गरिने छ ।यस कार्यक्रमले नगरपालिकामा रहेका पशुहरुको बीमामा पहुँच र सरकारले दिने प्रिमियम अनुदानकालागि सहजिकरण गर्नेछ ।यस कार्यका लागि देहायका कार्यहरु गरिनेछन् ।

(१) बीमा गरिने पशुपन्छीको वर्गीकरणः

(क) दुहुना गाई तथा भैंसी (उन्नत तथा क्रस जातलाई प्राथमिकता)

(ख) बाख्रा, भेडा, सुँगुर/बँगुर

(ग) व्यावसायिक रूपमा पालिएका ब्रोइलर, लेयर्स कुखुरा, हाँस, माछा तथा माछा पोखरीको

**(२) बीमा कम्पनीसँग समन्वयः**

(क) नेपाल बीमा प्राधिकरणद्वारा सुदूरपश्चिम प्रदेश वा कैलाली जिल्लाका लागि तोकिएको आधिकारिक निर्जीवन बीमा कम्पनीसँग नगरपालिकाको पशु सेवा शाखाले समन्वय र सम्झौता गर्नेछ।

(ख) पशु सेवा केन्द्रले सम्बन्धित कम्पनीका अभिकर्ताहरूलाई वडा र गाउँस्तरमा परिचालन गर्न सहजीकरण गर्नेछन्।

(ग) नगरपालिका भित्रका १ देखि ११ नं वडाहरुमा रहेका पशुपालक कृषकलाई कृषि तथा पशुपन्छी बीमाका बारेमा जानकारी तथा सचेताना कार्यक्रम संचालन गर्ने छ ।

**(३) प्रिमियम (बीमा शुल्क) मा अनुदानको व्यवस्थाः** सङ्घीय सरकारले प्रदान गर्ने साविकको पशु बीमा अनुदानका अतिरिक्त **अनुदान** उपलब्ध गराउने छैन।

**(४) लागत साझेदारी र अनुदानको व्यवस्थाः**

**(क)** नेपाल सरकारले तोकेको कुल प्रिमियम (बीमा शुल्क) मा लागत साझेदारी देहाय बमोजिम हुनेछः

(१)**संघीय सरकारको अनुदान**ः कुल प्रिमियमको **८० प्रतिशत**।

(ख) अति विपन्न, दलित, महिला तथा सीमान्तकृत कृषकहरू र लक्षित सहकारीमा आबद्ध किसानलाई विशेष प्राथमिकता दिइनेछ।

**(५) प्राथमिकता दिनुपर्ने कृषकका वर्गहरूः**

(क) **निर्वाहमुखी कृषक**ः जीविकोपार्जनका लागि १ देखि ३ वटासम्म गाई/भैंसी वा ५ देखि १० वटासम्म बाखा पाल्ने कृषकहरू।

(ख) **जोखिम वहन क्षमता**ः पशुको मृत्यु हुँदा सबैभन्दा ठूलो आर्थिक धक्का यिनै कृषकलाई पर्ने भएकाले यस्ता **परम्परागत कृषक**लाई बीमाको दायरामा ल्याउनु पर्दछ।

**(६) पशु पहिचान र स्वास्थ्य परीक्षणः**

(क) पशु सेवा केन्द्र चौमाला र मसुरियाका प्राविधिकहरूले बीमा गरिने पशुको स्वास्थ्य परीक्षण गरी "स्वस्थ रहेको" प्रमाण-पत्र जारी गर्नुपर्नेछ।

(ख) बीमा गरिएको पशुको कानमा अनिवार्य रूपमा **कम्पनीको स्वीकृत इयर ट्याग** लगाउन प्राविधिकले सहयोग गर्नुपर्नेछ।

**(७) दाबी तथा सिफारिस प्रक्रियाः**

(क) बीमा गरिएको पशुको मृत्यु भएमा वा स्थायी रूपमा अनुत्पादक) भएमा कृषकले २४ घण्टाभित्र सम्बन्धित सेवा केन्द्र र बीमा कम्पनीलाई जानकारी दिनुपर्नेछ।

(ख) केन्द्रका प्राविधिकले घटनास्थलमा गई मृत पशुको **पोस्टमार्टम** गरी फोटोसहितको प्रतिवेदन र सिफारिस पत्र तयार गरिदिनुपर्नेछ।

(ग) ट्याग हराएको खण्डमा वा प्राविधिकको सिफारिस बिना दाबी प्रक्रिया अगाडि बढ्ने छैन।

गौरीगंगा राजपत्र

**(ङ) <u>घाँस खेती तथा साइलेज बैंक प्रवर्द्धन कार्यक्रमः</u>** नगरपालिकामा हिउँद तथा खडेरीको समयमा हुने हरियो घाँसको अभावलाई कम गर्न र व्यावसायिक पशुपालनलाई लागतप्रभावी बनाउन उन्नत जातको घाँस उत्पादन, साइलेज (अमिलो बनाइएको हरियो घाँस) प्रविधिको विस्तार, र साइलेज उद्योग (बैंक) स्थापनाका लागि अनुदान तथा प्राविधिक सहयोग कार्यक्रम संचालन गरिनेछ ।जसका लागि देहायका कार्यहरु गरिनेछन् ।

**(१) उन्नत घाँसको बीउ तथा बेर्ना वितरणः**

(क) पशु सेवा केन्द्र चौमाला र मसुरियाले आफ्नो क्षेत्रका कृषक र दुग्ध सहकारीहरूको मागका आधारमा हिउँदे (जस्तैः बर्सिम, जै, ईपिल ईपिल) र बर्षे (जस्तैः नेपियर, सुपर नेपियर, टियोसेन्ट्री, मकै, बाजरा र स्टाइलो ) घाँसको बीउ/कटिङ खरिद गर्नेछन्।

(ख) इच्छुक कृषक, समूह वा दुग्ध सहकारीलाई पालिकाको स्वीकृत बजेटको सीमाभित्र रही **१००% सम्मको अनुदान**मा घाँसको बीउ वा कटिङ/बेर्ना वितरण गरिनेछ।

**(२) साइलेज बैंक स्थापना तथा मेसिनरी अनुदानः**

**(क) साईलेस बैंकः**

(१) व्यावसायिक पशुपालक कृषक, कृषि/पशुपालन फर्म वा दुग्ध सहकारीहरूले व्यवसायिक रूपमा साइलेज उत्पादन र भण्डारण गरी बिक्री वितरण गर्ने उद्देश्यले "साइलेज बैंक" स्थापना गर्न सक्नेछन्।

(२) साइलेज बैंक स्थापनाका लागि आवश्यक पर्ने पूर्वाधार (जस्तैः साइलेज पिट/खाडल निर्माण) र प्रविधि (जस्तैः साइलेज ब्याग/प्लास्टिक) मा नगरपालिकाले कार्यविधि अनुसार आर्थिक सहयोग गर्नेछ।

**(ख) च्याफ कटर र साइलेज मेसिनरी अनुदानः**

(१) घाँसलाई स-साना टुक्रा पार्नका लागि आवश्यक पर्ने **च्याफ कटर** र व्यावसायिक साइलेज बनाउने **बेलिङ/र्यापिङ मेसिन** खरिदमा नगरपालिकाले स्वीकृत वार्षिक बजेटको आधारमा ५०% सम्म अनुदान उपलब्ध गराउनेछ।

(२) अनुदान प्राप्त गर्न कृषक वा फर्मसँग कम्तीमा ५ वटा दुहुना गाई/भैंसी भएको वा कम्तीमा १० कट्टा जग्गामा मकै/घाँस खेती गरेको हुनुपर्नेछ।

(३) क्षमता अभिवृद्धि तथा प्रविधि हस्तान्तरण तालिमः

(क) चौमाला र मसुरिया केन्द्रले किसानहरूलाई घाँस काट्ने, सुकाउने, ओस कम गर्ने र साइलेज खाडल वा ब्यागमा हावा नपस्ने गरी बन्द गर्ने प्रविधि सम्बन्धी प्रयोगात्मक तालिम सञ्चालन गर्नेछन्।

(ख) गुणस्तरीय साइलेज पहिचान गर्ने र पशुलाई खुवाउने सही तरिकाबारे स्थलगत परामर्श दिइनेछ।

**(च) <u>पशु स्वास्थ्य तथा घुम्ती ल्याब शिविर सञ्चालन कार्यक्रमः</u>** नगरपालिकाले पशुपालक कृषकहरूको गोठदैलोमै प्राविधिक सेवा र आधुनिक रोग निदान गर्न पशु चिकित्सालय वा सेवा केन्द्रसम्म आउन नसक्ने दुर्गम तथा ग्रामीण क्षेत्रका बिरामी पशुपन्छीलाई कृषककै घरदैलोमा प्राविधिक सेवासहित आकस्मिक उपचार उपलब्ध गराउन र स्थलगत रूपमै प्रयोगशाला सेवा सञ्चालन गरी गोबर, रगत, दूध, र छालाको परीक्षण मार्फत वैज्ञानिक तरिकाले रोगको पहिचान र उपचार गर्न यो कार्यक्रम संचालन गरिने छन्।कार्यक्रममा देहायका कार्यहरु गरिनेछन् ।



गौरीगङ्गा राजपत्र

**(१) शिविरको क्षेत्र र स्थान छनोटः**

(क) पशु सेवा केन्द्र चौमाला र मसुरियाले आफ्नो क्षेत्रभित्र व्यावसायिक पशुपालन पकेट क्षेत्र, दुग्ध सहकारी क्षेत्र, र पशु स्वास्थ्य सेवाको पहुँच कम भएका वडाहरूको पहिचान गरी प्रत्येक वर्ष शिविरको कार्यतालिका तयार गर्नेछन्

(ख) वडा कार्यालय तथा स्थानीय कृषक समूहहरूसँग समन्वय गरी पायक पर्ने स्थानमा घुम्ती ल्याब शिविर आयोजना गरिनेछ।

**(२) प्राविधिक तथा विज्ञ टोलीको गठनः** शिविर सञ्चालनका लागि देहाय बमोजिमको प्राविधिक टोली परिचालन गरिनेछः

(क) पशु चिकित्सक - टोली प्रमुख (आवश्यक परेमा विज्ञ केन्द्रबाट आमन्त्रित)

(ख) पशु स्वास्थ्य प्राविधिक तथा ल्याब प्राविधिक - सदस्यहरू

(ग) स्थानीय पशु सेवा केन्द्रका प्राविधिक तथा खोप कार्यकर्ता — सहयोगी

**(३) प्रयोगशाला परीक्षणका सुविधाहरूः** शिविर स्थलमै उपलब्ध गराइने घुम्ती ल्याब अन्तर्गत देहायका परीक्षणहरू **पूर्ण निःशुल्क** गरिनेछः

**(क) गोबर परीक्षणः** आन्तरिक परजीवी (जुका, नामले, माटे) पहिचान गर्न।

**(ख) दूध परीक्षणः** थुनेलो रोगको प्रारम्भिक पहिचान (California Mastitis Test - CMT) गर्न।

**(ग) छालाको स्क्रयापिङः** दाद, लुतो, वा अन्य छालाजन्य संक्रमण जाँच गर्न।

**(४) औषधि वितरण तथा उपचार मापदण्डः**

(क) ल्याब परीक्षणको नतिजा र लक्षणका आधारमा बिरामी पशुहरूलाई आवश्यक पर्ने एन्टिबायोटिक, एन्टिहेल्मिन्थिक (जुकाको औषधि), मलम, भिटामिन, र मिनरल मिक्सचरहरू कृषकलाई **निःशुल्क** वितरण गरिनेछ।

(ख) शिविरमा ल्याइएका तर तत्काल शल्यक्रिया वा थप उपचार आवश्यक पर्ने पशुहरूलाई नजिकैको सुविधासम्पन्न पशु चिकित्सालयमा (Refer) गरिनेछ।

(५) अभिलेख र प्रतिवेदनः

(क) सेवा केन्द्रले शिविरमा आएका कृषकको नाम, ठेगाना, पशुको संख्या, गरिएको ल्याब परीक्षणको प्रकार, नतिजा र वितरण गरिएको औषधिको छुट्टै **"घुम्ती ल्याब शिविर रजिस्टर"** मा अनिवार्य दर्ता गर्नुपर्नेछ।

(ख) शिविर सम्पन्न भएको ७ दिनभित्र विस्तृत प्राविधिक प्रतिवेदन पशु सेवा शाखामा बुझाउनु पर्नेछ।

**(छ) <u>पशुपन्छीका उपचारका लागि आवश्यक औजार उपकरण खरिद कार्यक्रमः</u>** नगरपालिका अन्तर्गत रहेका पशुधनको स्वास्थ्य रक्षा, उत्पादकत्व वृद्धि, नश्ल सुधार, र पशुपालक कृषकहरूको आर्थिक जीवनस्तर उकास्ने र पशुपालन क्षेत्रलाई आधुनिक, व्यावसायिक, प्रविधिमैत्री बनाई पशु स्वास्थ्यलाई व्यवस्थित प्रभावकारी वनाउदै श्रम र लागत घटाउन सेवा केन्द्रलाई आवश्यक प्राविधिक तथा व्यावसायिक औजार उपकरण खरिद गरिनेछ। जसमा देहायका कार्यहरु गरिनेछ।

(१) संस्थागत/कार्यालयीय उपकरण खरिदः ए.आई. सेट, ड्रेचिङ्ग गन, तरल नाइट्रोजन कन्टेनर, रेफ्रि, सर्जिकल सेट, रेफ्रिजरेटर, भिडियो एक्सरे मेसिन), र ल्याबका औजारहरू खरिद गरिनेछ।

**(२)** कृषक/सहकारी लक्षित उपकरण खरिदः कृषकलाई प्रविधि मैत्री बनाउदै उत्पादन बढाउनका लागि लागत साझेदारीमा च्याप कटर (घाँस काट्ने मेसिन), मिल्किङ मेसिन (दूध दुहुने मेसिन), मिल्क क्यान, डिपिङ ट्याङ्क सामग्री, कुखुराको ब्रोडर, ईन्कुवेटर र साइलेज मेसिनरीहरू खरिद गरिनेछ ।

(३) अनुदान र लागत सहभागिताको प्रतिशतः

(क) पशु सेवा केन्द्र चौमाला र मसुरियाका लागि खरिद गरिने संस्थागत उपकरणहरूमा नगरपालिकाको **१००% लगानी** रहनेछ।

(ख) कृषक, समूह, कृषि फर्म वा सहकारीहरूलाई वितरण गरिने व्यावसायिक औजार उपकरणहरूमा स्वीकृत बजेटको सीमाभित्र रही **५०% सम्म अनुदान** उपलब्ध गराइनेछ र बाँकी रकम प्रस्तावक आफैंले व्यहोर्नुपर्नेछ।

**(५) आवेदन र योग्यताको मापदण्डःअनुदानमा औजार उपकरण प्राप्त गर्न इच्छुक कृषक वा फर्मले देहायका कागजातसहित आवेदन दिनुपर्नेछः**

(क) फर्म दर्ताको प्रमाणपत्र र स्थायी लेखा नम्बर (व्यावसायिक हकमा)

(ख) नागरिकताको प्रतिलिपि र सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) कम्तीमा ३ वटा ठूला पशु (गाई/भैंसी) वा २० वटा साना पशु (बाख्रा/सुँगुर) वा २०० वटा पन्छी पालेको हुनुपर्ने (उपकरणको प्रकृति अनुसार)।

**(६) औजार उपकरण हस्तान्तरण र सम्झौताः**

(क) छनोट भएका कृषक वा संस्थासँग सम्झौता गरेर मात्र उपकरण हस्तान्तरण गरिनेछ।

(ख) अनुदानमा प्राप्त औजार उपकरण कम्तीमा ३ वर्षसम्म बिक्री गर्न, बन्धक राख्न वा अरूलाई हस्तान्तरण गर्न पाइने छैन।

**(७) अनुगमन र दुरूपयोग सम्बन्धी व्यवस्थाः**

(क) खरिद गरिएका उपकरणहरूको सही सदुपयोग भए/नभएको जाँच गर्न पशु सेवा शाखा प्रमुख र वडा प्रतिनिधि सम्मिलित टोलीले आकस्मिक अनुगमन गर्नेछ।

(ख) उपकरणको दुरूपयोग गरेको वा सम्झौता विपरीत कार्य गरेको पाइएमा उपकरण जफत गरी अनुदान रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

**(ज) भर्चुअल क्लिनिक स्थापना र सञ्चालन कार्यक्रमः** नगरपालिकाले र पशु सेवा क्षेत्रको प्रविधि सुदृढीकरण ढाँचा अनुसार भर्चुअल क्लिनिक स्थापना र सञ्चालन गरी भौतिक रूपमा उपस्थित हुन नसक्ने सेवाग्राही (बिरामी वा पशुपालक कृषक) लाई प्रविधिको माध्यमबाट घरदैलोमै परामर्श र विशेषज्ञ चिकित्सा सेवा पुऱ्याउनका लागि यो कार्यक्रम संचालन गरिनेछ ।

**(१) पूर्वाधार तथा प्रविधि व्यवस्थापनः**

(क) पशु सेवा शाखा (नगरपालिका), चौमाला केन्द्र र मसुरिया केन्द्रमा उच्च गतिको इन्टरनेट, कम्प्युटर/ल्यापटप, एचडी क्यामेरा र डिजिटल डिस्प्लेसहितको "भर्चुअल क्लिनिक कक्ष" स्थापना गरिनेछ।

(ख) कृषकहरूले आफ्नो घरमै बसेर वा नजिकैको वडा कार्यालय/सहकारी मार्फत भिडियो कल वा मोबाइल एपको माध्यमबाट पशुको लक्षण देखाई परामर्श लिन सक्नेछन्।

(ग ) विनियोजित स्वीकृत बजेट शीर्षक (मोबाइल खरिद, इन्टरनेट, आकस्मिक औषधि, र इन्धन कोष) भन्दा बाहिर खर्च गर्न पाइने छैन।

**(२) विज्ञ परामर्श र प्रेषणः**

(क) स्थानीय प्राविधिकहरूले समाधान गर्न नसकेका जटिल रोगहरूको हकमा भर्चुअल क्लिनिक मार्फत सङ्घीय वा प्रदेश स्तरका विशेषज्ञ पशु चिकित्सक (Veterinary Specialists) सँग प्रत्यक्ष सम्पर्क गराई रोगको निदान गरिनेछ।

(ख) भर्चुअल माध्यमबाट दिइएको सिफारिसको आधारमा चौमाला र मसुरिया केन्द्रले कृषकलाई निःशुल्क वा सहुलियत औषधि उपलब्ध गराउनेछन्।

**(झ) <u>भेटेरिनरी एम्बुलेन्स सेवा कार्यक्रमः</u>** नगरपालिकाले नगर क्षेत्रभित्रका पशुपालक कृषकहरूको गोठमै आकस्मिक पशु चिकित्सा सेवा पुऱ्याउन र जटिल अवस्थाका पशुहरूलाई भेटेरिनरी अस्पतालसम्म सुरक्षित ओसारपसार गर्न भेटेरिनरी एम्बुलेन्स सेवा सञ्चालन गर्नेछ। जसकालागि देहायका कार्यहरु गरिनेछन् ।

**(१) सेवा प्रवाह र प्राथमिकीकरणः**

(क) एम्बुलेन्स सेवाका लागि एक सम्पर्क हटलाइन नम्बर को व्यवस्था गरिनेछ।

(ख) सेवा प्रवाह गर्दा देहायका अवस्थाहरूलाई प्राथमिकता दिइनेछः

(१) गोठमै उपचार सम्भव नभई तुरुन्त शल्यक्रिया वा भर्ना गर्नुपर्ने पशुहरू।

(२) सडक दुर्घटनामा परेका वा बेवारिसे अवस्थामा भेटिएका घाइते पशुपन्छीहरू।

(३) महामारीको समयमा तत्काल आइसोलेसन वा अस्पताल पुऱ्याउनुपर्ने पशुहरू।

**(२) सेवा शुल्क सम्बन्धी व्यवस्थाः**

(क) साना, गरिब, अति विपन्न र दलित कृषकहरूका लागि एम्बुलेन्स सेवा **पूर्ण निःशुल्क** हुनेछ।

(ख) व्यावसायिक कृषि फर्म र मुनाफा आर्जन गर्ने उद्देश्यले पालिएका ठूला पशुहरूको हकमा न्यूनतम इन्धन शुल्क कृषक आफैंले ब्यहोरनुपर्नेछ।

**(३) अभिलेख र अनुगमनः**

(क) दुवै केन्द्रले दैनिक रूपमा भर्चुअल क्लिनिक मार्फत सेवा लिएका कृषक र एम्बुलेन्स प्रयोग भएको दूरी (Log Book) को पारदर्शी अभिलेख राख्नुपर्नेछ।

(ख) सेवाको प्रभावकारिता र दुरूपयोग भए/नभएको अनुगमन नगरपालिकाको आर्थिक विकास समितिले गर्ने छ ।

**(ञ) <u>युवा लक्षित स्वरोजगार कार्यक्रम (पशुधन स्टार्टअप) सञ्चालन कार्यक्रम:</u>** नगरपालिकामा स्थायी बसोबास गर्ने विदेशबाट फर्किएका वा स्वदेशमै केही पशुपालन व्यवसाय (गाई, भैंसी, बाख्रा, सुँगुर/बँगुर, कुखुरा, हाँस, माछा आदि पालन तथा डेरी/मासु प्रशोधन क्षेत्र) काम गर्न चाहाने कार्ययोजना भएका युवाहरुलाई पशुपालन क्षेत्रमा आकर्षित गरी आत्मनिर्भर बनाउन **युवा लक्षित स्वरोजगार कार्यक्रम संचालन गरिनेछ ।यस कार्यक्रम संचालनकालागि देहायका कार्यहरु गरिनेछन् ।**

**(१) आवेदकको योग्यता र लक्षित समूहः** यस कार्यक्रम अन्तर्गत अनुदान वा प्राविधिक सहयोग प्राप्त गर्न आवेदन दिने युवाहरूमा देहायका योग्यता हुनुपर्नेछः

(क) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको गौरीगंगा नगरपालिकाको स्थायी बासिन्दा भएको।

(ख) वैदेशिक रोजगारीबाट फर्किएको, बेरोजगार रहेको वा पशुपालनमा नयाँ प्रविधि भित्र्याउन चाहने।

(ग) व्यवसाय सञ्चालनका लागि आफ्नै वा भाडाको उपयुक्त जग्गा, न्यूनतम भौतिक पूर्वाधार र कार्य योजना भएको।

**(२) स्टार्टअपका स्वीकृत क्षेत्रहरूः** युवाहरूले देहायका नवीन वा व्यावसायिक पशुधन विधामा प्रस्ताव पेस गर्न सक्नेछन्:

(क) आधुनिक र प्रविधिमैत्री गाई/भैंसी पालन (मिल्किङ मेसिन र अटोमेसन सहित)

(ख) उन्नत जातको बाख्रा पालन तथा स्रोत केन्द्र स्थापना

(ग) व्यावसायिक स्थानीय तथा लेयर्स कुखुरा/टर्की/कालिज पालन

(घ) साइलेज उत्पादन, घाँस खेती व्यवसाय र दाना उद्योग स्टार्टअप

(ङ) आधुनिक बधशाला, मासु प्रशोधन वा मिल्क पार्लर/डेरी उद्योग

(च) लक्षित क्षेत्र र विधाःयो कार्यक्रम १ देखि ११ नम्बर वडाका देहायका विधामा लागू हुनेछः

(छ) दुग्ध व्यवसायः व्यावसायिक गाई तथा भैंसी पालन र डेरी प्रवर्द्धन।

(ज) मासुजन्य व्यवसायः व्यावसायिक बाख्रा, बङ्गुर र कुखुरा पालन

(झ) अन्यः माछापालन, मौरीपालन र दाना उत्पादन उद्योग।

**(३) प्रस्ताव आह्वान र छनोट प्रक्रियाः**

(क) नगरपालिकाको पशु सेवा शाखाले आर्थिक वर्षको पहिलो त्रैमासिकभित्र सार्वजनिक सूचना जारी गरी **"पशुधन स्टार्टअप व्यवसायिक योजना"** माग गर्नेछ।

(ख) प्राप्त प्रस्तावहरूमध्ये व्यावसायिक सम्भाव्यता, रोजगारी सिर्जना, र नयाँ प्रविधिको प्रयोगका आधारमा चौमाला र मसुरिया केन्द्रका प्राविधिकहरूको स्थलगत प्रतिवेदन समेत लिई "स्टार्टअप छनोट समिति" ले योग्य युवा/फर्म छनोट गर्नेछ।

**(४) अनुदान, बिउ पुँजी तथा सहुलियतः**

(क) छनोट भएका पशुधन स्टार्टअपहरूलाई समितिले तोकेको बजेटको सीमाभित्र रही लागतको **५०% सम्म (अधिकतम तोकिएको सीमासम्म) वित्तीय अनुदान वा बिउ पुँजी** उपलब्ध गराइनेछ।

गौरीगंगा राजपत्र

(ख) वित्तीय अनुदानका अतिरिक्त चौमाला र मसुरिया पशु सेवा केन्द्रबाट ती स्टार्टअपहरूलाई आवश्यक पर्ने प्राविधिक सेवा, कृत्रिम गर्भाधान, भ्याक्सिन, र आधारभूत औषधिहरू **निःशुल्क** उपलब्ध गराइनेछ।

(ग) बैंक तथा वित्तीय संस्थाबाट लिइने युवा स्वरोजगार ऋणको ब्याज अनुदानमा नगरपालिकाले सहजीकरण गरिदिनेछ।

**(ट) <u>सामुदायिक स्तरमा रहेका कुकुरको स्थायी बन्ध्याकरण कार्यक्रमः</u>** सामुदायिक स्तरमा रहेका छाडा कुकुरहरूको संख्या नियन्त्रण तथा रेबिज रोगको जोखिम न्यूनीकरण गर्न नगरपालिकामा रहेका सामुदायिक कुकुरहरुको स्थायी बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि तपसिल बमोजिमका कार्यहरु गरिनेछ ।

**(१) बाह्य संस्था वा विज्ञसँगको साझेदारीः**

(क) यो कार्यक्रम नगरपालिका आफैंले वा पशुकल्याणको क्षेत्रमा कार्यरत अनुमति प्राप्त गैरसरकारी संस्था, भेटेरिनरी कलेज वा विज्ञ पशु चिकित्सकको प्राविधिक टोलीसँग साझेदारी गरी शिविरको रूपमा सञ्चालन गर्न सक्नेछ।

(ख) साझेदारी गर्दा सार्वजनिक खरिद ऐन र नियमावलीको परिधिभित्र रही स्वीकृत मापदण्डका आधारमा संस्था छनोट गरिनेछ।

**(२) शिविर स्थल र शल्यक्रिया कक्षः**

(क) पशु सेवा केन्द्र चौमाला र मसुरिया परिसर वा पायक पर्ने सामुदायिक भवनहरूमा कुकुरहरूको शल्यक्रिया (Surgery) कक्ष र शल्यक्रिया पश्चात् राख्ने कक्षको व्यवस्था मिलाइनेछ।

(ख) शल्यक्रिया कक्ष संक्रमणरहित र आवश्यक सर्जिकल लाइट, अक्सिजन, एवं एनेस्थेसिया उपकरणयुक्त हुनुपर्नेछ।

**(३) कुकुर नियन्त्रण तथा समात्ने प्रक्रिया :**

(क) वडा कार्यालय, टोल विकास संस्था र स्थानीय बासिन्दाको समन्वयमा सामुदायिक कुकुरहरूको पहिचान गरी मानवीय र सुरक्षित तरिकाले समातिनेछ।

(ख) डोरीले बाँध्ने वा कुकुरलाई चोट लाग्ने गरी क्रूर तरिका अपनाउन पाइने छैन।

(ग) बन्ध्याकरण अभियानमा पोथी कुकुरहरूलाई पहिलो प्राथमिकता दिइनेछ।

**(४) स्वास्थ्य परीक्षण, बन्ध्याकरण र खोपः**

(क) समातिएका कुकुरहरूको पशु चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गरी शल्यक्रियाका लागि योग्य (कम्तीमा ६ महिना उमेर पुगेका र स्वस्थ) कुकुरहरूको मात्र सुरक्षित रूपमा स्थायी बन्ध्याकरण गरिनेछ।

(ख) बिरामी, दुध चुसाइरहेका पोथी वा धेरै बुढा कुकुरहरूको शल्यक्रिया गरिने छैन।

(ग) शल्यक्रियाकै समयमा प्रत्येक कुकुरलाई अनिवार्य रूपमा **रेबिज विरुद्धको खोप** लगाइनेछ।

**(५) पहिचान र शल्यक्रिया पश्चात्को रेखदेखः**

(क) बन्ध्याकरण गरिएका कुकुरहरूलाई भविष्यमा सहजै चिन्नका लागि शल्यक्रियाकै समयमा देब्रे कानको टुप्पोमा सानो चिनो (Ear Notching/V-Cut) लगाइनेछ।

(ख) शल्यक्रिया पश्चात् कुकुर पूर्ण रूपमा निको नहुन्जेल (भालेका लागि २ दिन र पोथीका लागि ३ देखि ५ दिन) भेटेरिनरी प्राविधिकको रेखदेखमा उचित खुराक, एन्टिबायोटिक र दुखाइ कम गर्ने ओखती दिई पोस्ट-अप वार्डमा राखिनेछ।

**(६) पूर्ववत् स्थानमा फिर्ता:** कुकुरको टाँका सुकेको र पूर्ण रूपमा निको भई तन्दुरुस्त भएपछि उसलाई सुरुमा जहाँबाट समातिएको हो, सोही स्थानमा सुरक्षित रूपमा लगेर छाडिनेछ।

**(ठ) कृषकसँग पशु चिकित्सक कार्यक्रमः** नगरपालिकाले पशुपालक कृषकहरूको गोठमै आधुनिक पशु चिकित्सा सेवा, प्रविधि र विशेषज्ञ परामर्श सहित कृषक र पशु चिकित्सकबीचको दूरी कम गरी गोठस्तरमै आधुनिक र वैज्ञानिक पशुपालन सम्बन्धी परामर्श सेवा पुऱ्याउन,कृषक र पशु चिकित्सकबीचको दूरी कम गरी गोठस्तरमै आधुनिक र वैज्ञानिक पशुपालन सम्बन्धी परामर्श सेवा प्रदान गर्न र नसर्ने, पोषणजन्य र संक्रामक रोगहरूको समयमै पहिचान गरी उन्नत नश्ल सुधार, गोठ सुधार र आहार व्यवस्थापनमा सुधार ल्याउन कृषकसँग पशु चिकित्सक कार्यक्रम सञ्चालन गर्नेछ। यस कार्यक्रमलाई प्रभावकारी गराउन देहायका कार्यहरु गरिनेछ।

**(१) भ्रमण दलको गठन र रोस्टर तयारः**

(क) यस कार्यक्रमका लागि नगरपालिकाको पशु सेवा शाखा प्रमुखको नेतृत्वमा चौमाला र मसुरिया केन्द्रका पशु स्वास्थ्य प्राविधिकहरू सम्मिलित एक **"भ्रमण दल"** गठन गरिनेछ।

(ख) आवश्यक परेमा पशु सेवा विज्ञ केन्द्र (धनगढी) वा विषय विशेषज्ञ चिकित्सकहरूलाई समेत यस टोलीमा समावेश गर्न सकिनेछ।

**(२) वडा तथा गोठ छनोट प्रक्रियाः**

(क) पशु सेवा केन्द्रले प्रत्येक महिना आफ्नो कार्यक्षेत्र भित्रका वडाहरूमा पशुहरूको घनत्व र कृषकहरूको मागका आधारमा **"मासिक पशु चिकित्सक वा प्राविधिकको भ्रमण तालिका** तयार गर्नेछन्।

(ख) साना सीमान्तकृत किसान, महिला स्वास्थ्य उद्यम समूह र दुग्ध सहकारीमा आबद्ध किसानका गोठहरूलाई प्राथमिकता दिइनेछ

(ग) प्रत्येक वडामा महिनाको कम्तीमा एक पटक अनिवार्य रूपमा चिकित्सक वा प्राविधिक सहितको टोली पुग्ने गरी कार्यतालिका बनाइनेछ।

**(३) गोठमै उपलब्ध गराइने सेवाहरूः** यस कार्यक्रम अन्तर्गत कृषकको गोठमै पुगेर चिकित्सक र प्राविधिक टोलीले देहायका सेवाहरू **पूर्ण निःशुल्क** उपलब्ध गराउनेछन्:

(१)**स्वास्थ्य र प्रजनन् परीक्षणः** पशुहरूको, बाँझोपनको समस्या जाँच, गर्भ परीक्षण र थुनेलो रोगको स्थलगत परीक्षण।

(२)**आहार र पोषण परामर्शः** उपलब्ध स्थानीय दाना-घाँसको सदुपयोग, खनिज तत्वको प्रयोग र साइलेज/हे बनाउने तरिका।

(३)**बायो-सेक्युरिटी र गोठ सुधारः** गोठको सरसफाइ, प्रकाश र हावाको प्रबन्ध, तथा महामारीबाट बच्ने जैविक सुरक्षाका उपायहरू।

गौरीगङ्गा राजपत्र

(४)**निशुल्क औषधि वितरणः** जाँचका क्रममा भेटिएका बिरामी पशुहरूलाई तत्काल आवश्यक पर्ने जुकाको औषधि, एन्टिबायोटिक, भिटामिन, र टोनिकहरू।

**(४) स्थलगत छलफल र अन्तरक्रियाः** टोलीले गोठ भ्रमण गरिसकेपछि सोही टोल वा समुदायका कृषकहरूलाई एक ठाउँमा जम्मा गरी पशुपालनका समसामयिक समस्या, रैथाने रोग र उपचारका उपायहरूबारे समूहगत छलफल तथा सचेतना कार्यक्रम सञ्चालन गर्नेछ।

**(५) बजेट व्यवस्थापनः** यस कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने औषधिको खर्च, प्रचारप्रसार सामग्री, र खटिने पशु चिकित्सक तथा प्राविधिकहरूको नियमानुसारको दैनिक भ्रमण भत्ता वा प्रोत्साहन भत्ता नगरपालिकाको वार्षिक स्वीकृत बजेटबाट व्यहोरिनेछ।

**(ड) गौशालामा रहेका पशुहरूको आहारा व्यवस्थापन कार्यक्रमः** नगरपालिका लगायतका स्थानीय तहहरूमा बेवारिसे सामुदायिक गाईवस्तुहरूलाई भोकभोकै मर्नबाट जोगाउन, स्वास्थ्य अवस्था सुधार गर्न, सन्तुलित आहाराको व्यवस्थापन लगायतका संरक्षण तथा व्यवस्थापन कार्य गर्न यो कार्यक्रम संचालन गरिनेछ ।यस कार्यक्रमलाई प्रभावकारी बनाउन देहाय बमोजिमका कार्यहरु गरिनेछन्।

**(१) आहाराको वर्गीकरण र दैनिक मात्राः** गौशालामा रहेका पशुहरूको उमेर र स्वास्थ्य अवस्था हेरी चौमाला र मसुरिया केन्द्रका प्राविधिकहरूको सिफारिसमा देहाय बमोजिमको दैनिक आहारा उपलब्ध गराइनेछः

(क) **सुक्खा आहाराः** प्रति पशु दैनिक क्षमता र तौल अनुसार उपयुक्त परिमाणमा पराल, भुँसा वा सुकाएको घाँस ।

(ख) **हरियो आहारा :** मौसमी हरियो घाँस वा साइलेज।

(ग)**पूरक आहाराः** असक्त, बिरामी, गर्भवती वा कोरली बाच्छीहरूका लागि दैनिक तोकिएको परिमाणमा सन्तुलित दाना, चोकर, वा पिना।

(घ)**खनिज र नुनः** पशुहरूको इम्युनिटी र पोषणका लागि गोठमा ढिके नुन वा मिनरल ब्लक अनिवार्य झुण्ड्याइनेछ।

**(२) स्वच्छ खानेपानीको प्रबन्धः** गौशाला भित्र पशुहरूले जुनसुकै समयमा पनि इच्छा अनुसार सफा र स्वच्छ पानी पिउन सक्ने गरी स्वचालित वा म्यानुअल **पानीको डुड** को व्यवस्था गरिनेछ।

**(३) आहारा आपूर्तिका स्रोतहरूः** गौशालाका लागि आहारा देहायका माध्यमहरूबाट संकलन वा खरिद गरिनेछः

(क) **स्थानीय किसानबाट संकलन (पराल बैंक):** धान कटानीको सिजनमा स्थानीय किसानहरूसँग समन्वय गरी पराल संकलन गर्ने र सुरक्षित 'पराल बैंक' स्थापना गर्ने।

(ख) **गौशालाको आफ्नै घाँस खेतीः** गौशाला आसपासको खाली जग्गा वा सार्वजनिक जग्गा भाडामा लिई चौमाला/मसुरिया केन्द्रको सहयोगमा नेपियर, मकै जस्ता बहुवर्षीय र वर्षे घाँस खेती गर्ने।

(ग) **सार्वजनिक खरिदः** आहारा अपुग भएमा प्रचलित सार्वजनिक खरिद ऐन र नियमावलीको परिधिभित्र रही कोटेसन वा बोलपत्र मार्फत दाना तथा पराल खरिद गर्ने।

(घ) **धार्मिक तथा सामुदायिक दानः** स्थानीय दाता, संघसंस्था वा धार्मिक अनुष्ठानहरूबाट प्राप्त हुने दान, चन्दा वा मुठ्ठीदानको आहारालाई पारदर्शी रूपमा उपयोग गर्ने।

**(४) सुरक्षित भण्डारणः**

(क) वर्षातको समयमा पराल र दाना कुहिनबाट बचाउन गौशाला परिसरमा अनिवार्य रूपमा **हवादार सुक्खा भण्डार गृह** निर्माण गरिनेछ।

(ख) हरियो घाँस बढी भएको समयमा चौमाला र मसुरिया पशु सेवा केन्द्रको प्राविधिक सहयोगमा **साइलेज खाडल** खनी भण्डारण गरिनेछ।

**(५) स्वास्थ्य तथा पोषण अनुगमनः**

(क) सेवा केन्द्रका प्राविधिकहरूले हप्ताको कम्तीमा एक पटक गौशालाको निरीक्षण गरी पशुहरूको पोषणको अवस्था जाँच गर्नुपर्नेछ।

(ख) कुपोषण वा आहारा नपुगेर बिरामी परेका पशुहरूलाई छुट्टै कक्षमा राखी विशेष दाना, भिटामिन, मिनरल  र नूनको उपलब्ध गराइनेछ।

**(ढ) <u>गोठ सुधार तथा फार्म यान्त्रिकीकरण (मेसिनरी अनुदान) कार्यक्रमः</u>** नगरपालिकाले परम्परागत पशुपालनलाई आधुनिकीकरण गर्न, उत्पादन लागत घटाउन र पशुहरूको जैविक सुरक्षा सुनिश्चित गर्न परम्परागत गोठहरुलाई सुधार गरी प्राङ्गारिक मल उत्पादन गर्न आधुनिक मेसिनरी औजारहरुको प्रयोग बाट युवा व्यवसायिहरुलाई प्रोत्साहन गरी श्रम समय लागतको बचत गारउन गोठ सुधार तथा फार्म यान्त्रिकीकरण (मेसिनरी अनुदान) कार्यक्रम संचालन गरिने छ ।यो कार्यक्रमका लागि देहायका कार्यहरु गरीनेछन् ।

(१) लक्षित क्षेत्र र योग्यता दर्तावाल फार्म वा कृषकः

(क) स्थानीय तह वा सम्बन्धित सरकारी निकायमा विधिवत दर्ता भई अद्यावधिक (नवीकरण र कर चुक्ता) भएका पशुपालन फार्म, कृषक समूह वा सहकारीहरू।

(ख) पशुपालन गर्न चाहाने वा पशुपालन व्यवसाय विस्तार गर्न चाहाने कृषकहरु

(ग) न्यूनतम पशु संख्याः व्यावसायिक रूपमा कम्तिमा ५ वटा गाई/भैंसी, २० वटा माउ बाख्रा, ५ वटा माउ बंगुर, १०० गोटा लोकल कुखुरा पालन गरेको वा गर्नकालागि भौतिक संरचना निर्माण गरेको ।

**(२) अनुदान उपलब्ध गराइने मुख्य क्षेत्रहरूः** यस कार्यक्रम अन्तर्गत देहायका दुई क्षेत्रमा कृषकहरूलाई सहयोग तथा अनुदान उपलब्ध गराइनेछः

(क) **गोठ/खोर सुधार अनुदानः** पक्की भुइँ, पशु सुत्ने म्याट, दाना-पानी खाने आधुनिक डुँड, र पिसाब सङ्कलन भण्डारण ट्याङ्की निर्माण।

(ख) **फार्म यान्त्रिकीकरण (मेसिनरी) अनुदानः** घाँस काट्ने मेसिन, दूध दुहुने मेसिन, गोबर ग्याँस/बाँयोग्यास प्लान्ट, र फार्म सरसफाइ गर्ने प्रेसर वासर।

**(३) लागत सहभागिता र अनुदानको प्रतिशतः**

(क) स्वीकृत वार्षिक बजेटको सीमाभित्र रही छनोट भएका कृषक, समूह, वा कृषि फर्महरूलाई लागतको **५०% सम्म अनुदान** नगरपालिकाले उपलब्ध गराउनेछ।

(ख) बाँकी ५०% सम्मको रकम सम्बन्धित कृषक वा प्रस्तावक आफैंले व्यहोर्नुपर्नेछ।

**(४) आवेदकको न्यूनतम योग्यताः** अनुदानका लागि आवेदन दिने कृषक वा फर्मसँग देहाय बमोजिमको न्यूनतम पूर्वाधार हुनुपर्नेछः

(क) गाई/भैंसीको हकमाः कम्तीमा ३ वटा माउ पशुधन भएको।

(ख) बाख्रा/सुँगुरको हकमाः कम्तीमा २० वटा माउ बाख्रा वा ५ वटा सुँगुर पालेको हुनुपर्ने।

(ग) व्यावसायिक फर्म भएमा नगरपालिका वा सम्बन्धित निकायमा दर्ता भई स्थायी लेखा नम्बर लिएको हुनुपर्ने।

**(५) सम्झौता र सर्तहरूः**

(क) छनोट भएका कृषकसँग सम्झौता गरेर मात्र मेसिनरी सामग्री हस्तान्तरण वा गोठ सुधारको रकम भुक्तानी गरिनेछ।

(ख) अनुदानमा प्राप्त मेसिनरी उपकरण वा सुधार गरिएको गोठ कम्तीमा ३ वर्षसम्म बिक्री गर्न, हटाउन वा अन्य प्रयोजनमा ल्याउन पाइने छैन।

**(६) स्थलगत अनुगमन र दुरूपयोग रोक्ने व्यवस्थाः**

(क) गोठ सुधारको हकमा प्राविधिक टोलीले निर्माण कार्य सुरु हुनु अघिको र निर्माण सम्पन्न भइसकेपछिको फोटो सहितको प्रतिवेदन पेश गरेपछि मात्र अनुदान रकम भुक्तानी गरिनेछ।

(ख) यदि कुनै कृषकले अनुदानमा लिएको मेसिनरी सामग्री बिक्री गरेको वा फार्म बन्द गरी दुरूपयोग गरेको पाइएमा उक्त अनुदान रकम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

**(ण) <u>सुत्केरी पशु स्याहार कार्यक्रमः</u>** नगरपालिकाले दुधालु पशुहरूको स्वास्थ्य रक्षा गर्न, उत्पादकत्व बढाउन र ब्याएपछि पशुमा हुन सक्ने विभिन्न पोषणजन्य रोगहरू (जस्तैः मिल्क फिभर) बाट जोगाउन परम्परागत सुत्केरी पशु स्याहार विधिलाई वैज्ञानिक र प्रविधिमैत्री बनाउन र ब्याएका गाई-भैंसीमा पोषणको कमी हुन नदिई उत्पादकत्व (दूध) मा वृद्धि गर्न **सुत्केरी पशु स्याहार कार्यक्रम सञ्चालन गरिनेछ । यस कार्यक्रमकालागि देहायका कार्यहरु गरिने छन् ।**

**(१) लक्षित वर्ग लक्षित पशु**ः स्थानीय तहभित्र पालिएका र भर्खरै ब्याएका उन्नत तथा सुधारिएका जातका दुधालु गाई र भैंसीहरू। कृषकको योग्यताः सम्बन्धित वडाको स्थायी बासिन्दा हुनुपर्ने र पशु ब्याएको निश्चित अवधि (सामान्यतया १५ दिन) भित्र तोकिएको कागजात सहित आवेदन दिएको हुनुपर्नेछ।

**(२) प्राथमिकताः** साना व्यावसायिक कृषक, विपन्न, महिला तथा दलित समुदायका पशुपालक कृषकहरूलाई प्राथमिकता दिइनेछ।

**(३) कृषक छनोट र योग्यताको मापदण्डः** यस कार्यक्रम अन्तर्गत सुत्केरी पशु पोषण भत्ता वा सामग्री प्राप्त गर्न कृषकसँग देहायका योग्यता हुनुपर्नेछः

गौरीगंगा राजपत्र

(क) गौरीगंगा नगरपालिकाको स्थायी बासिन्दा भई पशु सेवा केन्द्र चौमाला वा मसुरियाको कार्यक्षेत्र भित्र पशुपालन गरेको हुनुपर्ने।

(ख) गाई वा भैंसी ब्याएको बढीमा १५ दिनभित्र सम्बन्धित सेवा केन्द्र वा वडा कार्यालयमा तोकिएको फारम भरी आवेदन दिएको हुनुपर्ने।

(ग) पशुले अनिवार्य रूपमा नगरपालिकाको स्वीकृत खोप चक्र र बीमा कार्यक्रम (उपलब्ध भएसम्म) पूरा गरेको हुनुपर्ने।

**(४) सुत्केरी पशु स्याहार पोषण प्याकेजः** छनोट भएका प्रत्येक सुत्केरी पशु (गाई/भैंसी) का लागि नगरपालिकाले **"सुत्केरी पशु पोषण प्याकेज"** वा सो बराबरको नगद प्रोत्साहन उपलब्ध गराउनेछ। प्याकेजमा देहायका सामग्री समावेश हुनेछन्:

(क) **सन्तुलित दाना/उर्जा सामग्रीः** २५ के. जी. उन्नत दुधालु पशुको दाना।

(ख) **तरल क्याल्सियमः** ब्याएपछि पशुको शरीरमा क्याल्सियमको कमी हुन नदिन कम्तीमा ३ देखि ५ लिटर क्याल्सियम वा सुत्केरि शक्ति उपलव्ध गराउने छ।

(ग) **मिनरल मिक्सचरः** १ देखि २ के.जी. खनिज पाउडर वा ढिक्का ।

(घ) **भिटामिन र टोनिकः** पशुको पाठेघर सफा गर्ने र छिटो निको पार्ने आयुर्वेदिक वा एलोप्याथिक टोनिकहरू।

**(५) सेवा प्राप्त गर्ने कार्यप्रणालीः**

(क) गाई/भैंसी ब्याएपछि कृषकले सोको जानकारी र आवश्यक कागजात (वडाको सिफारिस वा ब्याएको प्रमाणित फोटो/भिडियो) सहित चौमाला वा मसुरिया केन्द्रमा निवेदन दिनुपर्नेछ।

(ख) केन्द्रका प्राविधिकले सोको स्थलगत वा डिजिटल प्रमाणीकरण गरी पोषण सामग्री वा कुपन वितरण गर्नेछन्।

(ग) साना, सीमान्तकृत, विपन्न र दलित कृषकहरूका पशुहरूलाई यस कार्यक्रममा पहिलो प्राथमिकता दिइनेछ।

**(६) सीमाः** एक कृषक परिवारले एक आर्थिक वर्षमा बढीमा **२ वटा पशु** का लागि मात्र यो सुविधा पाउनेछन्।

**(७) अभिलेख व्यवस्थापनः**

(क) चौमाला र मसुरिया पशु सेवा केन्द्रले लाभान्वित कृषकको नाम, ठेगाना, पशुको प्रजाति (गाई/भैंसी), ब्याएको मिति र वितरण गरिएको सामग्रीको छुट्टै "सुत्केरी पशु स्याहार दर्ता किताब" अद्यावधिक राख्नुपर्नेछ।

**(ख)** प्राप्त सामग्रीको किसानले सही सदुपयोग गरे/नगरेको जाँच गर्न प्राविधिक टोलीले ब्याएको ३० दिनभित्र गोठको अनुगमन गर्नेछ।

**(८) दुरूपयोग रोक्ने व्यवस्थाः** झुटो विवरण पेश गरी (नब्याएको पशुलाई ब्याएको देखाई) वा एउटै पशुको दुई पटक सुविधा लिएको पाइएमा त्यस्ता कृषकलाई नगरपालिकाबाट दिइने आगामी सम्पूर्ण पशु सेवा अनुदानबाट वञ्चित गरिनेछ।

**(त) <u>उत्पादनमा आधारित प्रोत्साहन र अनुदान (दूध, माछा तथा मासु) सञ्चालन कार्यक्रमः</u>** नगरपालिकामा रहेका पशुपन्छी तथा मत्स्य पालन व्यवसायीलाई प्रवर्द्धन गर्न, बिचौलिया प्रथा अन्त्य गर्न र वास्तविक उत्पादनका आधारमा कृषकलाई प्रोत्साहन दिन उत्पादनमा आधारित प्रोत्साहन र अनुदान (दूध, माछा तथा मासु) सञ्चालन गरिनेछ।कार्यक्रमकालागि देहायका कार्यहरु गरिनेछन्।

**(२)अनुदान प्राप्त गर्न कृषकको योग्यताः**

(क) गौरीगंगा नगरपालिकाको स्थायी बासिन्दा वा स्वीकृत फर्म हुनुपर्ने।

(ख) कृषकले आफ्नो उत्पादन नगरपालिकाद्वारा मान्यता प्राप्त वा दर्ता भएका दुग्ध सहकारी, मासु संकलन केन्द्र, वा मत्स्य सहकारी/बिक्रेता मार्फत मात्र बिक्री वितरण गरेको हुनुपर्ने।

(ग) उत्पादित सामग्रीको दैनिक वा आवधिक रेकर्ड किताब पारदर्शी रूपमा राखेको हुनुपर्ने।

**(३) उत्पादनमा आधारित प्रोत्साहन अनुदानको वर्गीकरणः**नगरपालिकाले आफ्नो स्वीकृत वार्षिक बजेटको सीमाभित्र रही देहाय बमोजिम उत्पादनका आधारमा कृषकको बैंक खातामा सिधै रकम जम्मा गर्नेछ।

**(क) दूध उत्पादनमा प्रोत्साहनः** सहकारी वा आधिकारिक संकलन केन्द्रमा नियमित दूध बुझाउने कृषकलाई **प्रति लिटर रु. २ सम्म** (कार्यपालिकाले तोके बमोजिम) प्रोत्साहन भत्ता दिन सकिनेछ।

**(ख) माछा उत्पादनमा प्रोत्साहनः** स्थानीय पोखरी वा ह्याचरीबाट व्यावसायिक रूपमा माछा उत्पादन गरी स्थानीय बजारमा बिक्री गर्ने कृषकलाई **प्रति केजी रु. १० सम्म** प्रोत्साहन अनुदान दिन सकिनेछ।

**(ग) मासु उत्पादन (खसीबोका, सुँगुर, कुखुरा) मा प्रोत्साहनः** सहकारी वा आधुनिक वधशाला मार्फत जिउँदो वा तयारी मासु बिक्री गर्ने व्यावसायिक कृषकलाई **प्रति के.जी.(जिउँदो तौलको आधारमा) रु. ५ सम्म** प्रोत्साहन अनुदान दिन सकिनेछ।

**(घ) उत्पादन सामग्रीमा सहुलियतः** किसानले उत्पादन गरेको दूध वा मासुको परिमाणको आधारमा उनीहरूलाई व्यावसायिक **दाना, चोकर, वा खनिज मिश्रण**मा ५०% सम्म छुटमा उपलब्ध गराउन सकिनेछ।

**(ङ) उन्नत घाँसका बीउ र बिरुवाः** घाँस खेतीका लागि बहुवर्षीय घाँसका बीउहरू (जस्तैः नेपियर, सुपर नेपियर, बर्षिम) निःशुल्क वितरण गर्ने ।

**(च)** गुणस्तर (Fat र SNF) का आधारमा थप प्रिमियम बोनस दिन सकिनेछ।

**(छ) पशुहरुलाई आवश्यक पर्ने प्याकिङ्ग साईलेज** ५०% सम्म छुटमा उपलव्ध गराउने

**(४) प्रविधि र मेसिनरी सहयोगः**

**(क) दूध उत्पादकका लागिः** फार्मको उत्पादन क्षमता हेरेर **मिल्किङ मेसिन** (दूध दुहुने मेसिन), **काउ म्याट** (गाई सुत्ने म्याट), वा **च्यापकटर** (घाँस काट्ने मेसिन) ५०% अनुदानमा उपलब्ध गराउने।

गौरीगंगा राजपत्र

**(ख) माछा उत्पादकका लागि**ः पोखरीमा अक्सिजन बढाउन प्रयोग हुने **एरिएटर मेसिन**, माछा मार्ने जाल, वा पानी जाँच गर्ने डिजिटल किटहरू वितरण गर्ने।

(ग) **मासु उत्पादकका लागि**ः आधुनिक खोर निर्माणका सामग्री (जस्तैः जस्तापाता, आधुनिक दाना खाने भाँडा) सहयोग गर्ने।

**(५) जैविक सुरक्षा र स्वास्थ्य उपचार कोषः निःशुल्क खोप र औषधि कार्ड**ः राम्रो उत्पादन गर्ने किसानका पशुहरूलाई पी.पी.आर. (PPR), खोरेंत (FMD), वा स्वाइन फिभर विरुद्धको **खोप र जुका-माताको औषधि** नगरपालिकाले पूर्ण रूपमा निःशुल्क उपलब्ध गराउने।

**(६) निःशुल्क प्राविधिक सेवा**ः उत्कृष्ट किसानका फार्महरूका लागि नगरपालिकाका पशु चिकित्सक वा प्राविधिकहरूले महिनामा एक पटक **निःशुल्क स्वास्थ्य परीक्षण** (रूटीन चेकअप) सेवा दिने।

**(७) बजारीकरण र शीत भण्डारण पूर्वाधारः**

**(क) चिलिङ भ्याट स्थापना**ः दूध बिग्रिन नदिन सहकारी वा किसान समूहलाई दूध चिस्यान केन्द्र स्थापनाका लागि **चिलिङ ट्याङ्क** र जेनेरेटर सहयोग गर्ने।

(ख) **डीप फ्रिज र कोल्ड स्टोर**ः माछा र मासु सुरक्षित राख्नका लागि व्यवसायी वा किसान समूहलाई **डीप फ्रीज** वा साना कोल्ड स्टोरेज (शित भण्डार) निर्माणमा अनुदान दिने।

(ग) **परिवहन सहयोग**ः दूध वा मासु बजारसम्म पुऱ्याउन इन्सुलेटेड गाडी वा **मिल्क क्यान** हरू वितरण गर्ने।

**(८) आवेदन दिने प्रक्रियाः** कृषक वा आबद्ध सहकारी/संस्थाले प्रत्येक त्रैमासिक (३-३ महिनामा) समाप्त भएको ७ दिनभित्र देहायका कागजातसहित पशु सेवा केन्द्रमा आवेदन दिनुपर्नेछः

(क) तोकिएको ढाँचाको आवेदन फारम र नागरिकता/फर्म दर्ताको प्रतिलिपि।

(ख) सम्बन्धित सहकारी वा संकलन केन्द्रले प्रमाणित गरेको कृषकको कुल बिक्री परिमाण (लिटर/केजी) को विवरण ।

(ग) कृषकको नाममा रहेको बैंक खाताको चेकको प्रतिलिपि।

**७. प्रमाणीकरण र भुक्तानी :**

(क) प्राप्त आवेदनहरूको चौमाला र मसुरिया केन्द्रका प्राविधिकहरूले स्थलगत वा अभिलेखीय प्रमाणीकरण गर्नेछन्।

**८. बजेटको स्रोतः** यस कार्यक्रमका लागि आवश्यक बजेट गौरीगंगा नगरपालिकाको वार्षिक स्वीकृत "कृषि तथा पशु सेवा क्षेत्र विकास (उत्पादन प्रोत्साहन) कोष" वा सशर्त अनुदानबाट ब्यहोरिनेछ।

**९. अनुगमन र दुरूपयोगमा सजायः**

(क) कुनै सहकारी वा संकलन केन्द्रले नक्कली बिल/भरपाई बनाई कृषकको नक्कली नाम वा विवरण पेस गरी अनुदान दाबी गरेमा उक्त संस्थाको दर्ता खारेज गरी रकम असुलउपर गरिनेछ।

(ख) अनुदान दाबी गर्ने कृषकको फार्मको समिति तथा सेवा केन्द्रले जुनसुकै समयमा पनि आकस्मिक अनुगमन गर्न सक्नेछ।

**(थ) <u>पशुपालन समूहको क्षमता विकास र व्यावसायिकता कार्यक्रमः</u>** नगरपालिका लगायतका स्थानीय तहहरूले ग्रामीण क्षेत्रमा छरिएर रहेका पशुपालक कृषकहरूलाई सङ्गठित गर्न, उनीहरूको प्राविधिक क्षमता बढाउन र परम्परागत पशुपालनलाई नाफामूलक उद्योगमा रूपान्तरण गर्न पशुपालन समूहको क्षमता विकास र व्यावसायिकता कार्यक्रम सञ्चालन गरिनेछ ।यस कार्यक्रममा देहायका कार्यहरु गरिनेछन् ।

**(१) कार्यक्रममा सहभागी हुने समूहको योग्यताः** यस कार्यक्रम अन्तर्गतका सुविधाहरू प्राप्त गर्न कृषक समूह वा सहकारीले देहायका सर्तहरू पूरा गरेको हुनुपर्नेछः

(क) समूहमा कम्तीमा १५ देखि २५ जना गौरीगंगा नगरपालिकाका रैथाने पशुपालक कृषकहरू आबद्ध हुनुपर्ने।

(ख) समूह नगरपालिकाको पशु सेवा शाखा वा सम्बन्धित सरकारी निकायमा विधिवत् दर्ता भई नियमित २/ २ वर्षमा नवीकरण भएको हुनुपर्ने।

(ग) समूहको नियमित मासिक बैठक बस्ने गरेको र निर्णय पुस्तिका अद्यावधिक रहेको हुनुपर्ने।

(घ) आन्तरिक रूपमा मासिक बचत सञ्चालन गरेको हुनुपर्ने।

**(२) क्षमता अभिवृद्धि तालिमको दायराः** पशु सेवा केन्द्रले समूहका सदस्यहरूको माग र आवश्यकताका आधारमा देहायका तालिमहरू सञ्चालन गर्नेछन्:

**(क) प्राविधिक तालिमः** आधुनिक गोठ सुधार, नश्ल सुधार, साइलेज/हे उत्पादन, र साधारण पशु रोगको प्राथमिक उपचार सम्बन्धी प्रयोगात्मक तालिम।

**(ख) व्यवस्थापकीय तालिमः** समूहको बैठक सञ्चालन, नेतृत्व विकास, अभिलेख व्यवस्थापन (रजिस्टर राख्ने तरिका), र वित्तीय साक्षरता।

**(ग) उद्यमशीलता तालिमः** पशुधनको आधारमा "व्यावसायिक योजना" तयार गर्ने र बजारको माग विश्लेषण गर्ने तरिका।

**(ङ) अवलोकन भ्रमण तथा सिकाई आदानप्रदानः** उन्नत प्रविधि र सफल पशुपालन व्यवसायको प्रत्यक्ष सिकाईका लागि समूहका पदाधिकारी वा उत्कृष्ट कृषकहरूलाई देशका अन्य सफल व्यावसायिक फर्म वा अनुसन्धान केन्द्रहरूको अवलोकन भ्रमण गराइनेछ।

**(३) बिउ पुँजी र सञ्चालन अनुदानः**

(क) उत्कृष्ट कार्य गर्ने र व्यावसायिक बन्न चाहने समूहलाई आफ्नो आन्तरिक कोष वृद्धिका लागि कार्यविधि बमोजिम एक पटकका लागि निश्चित बिउ पुँजी वा समूह सञ्चालन सामग्री (जस्तैः माइन्युट बुक, डिजिटल तराजु, रेकर्ड फाईल) अनुदान दिइनेछ।

(ख) उक्त बिउ पुँजी समूहले आफ्ना सदस्यहरूलाई पशु खरिद वा गोठ सुधारका लागि न्यून ब्याजमा परिचालन गर्नुपर्नेछ।

गौरीगंगा राजपत्र

## परिच्छेद-५
## अनिवार्य सर्त तथा अनुमन मुल्याङ्कन

**८. अनिवार्य शर्तहरूः**

(१)सबै कार्यक्रमका लागि पशु वा माछा पोखरीको अनिवार्य **पशु बीमा गर्नु पर्नेछ/गरेको** हुनुपर्नेछ।

(२)आवेदक नगरपालिकाको स्थायी बासिन्दा हुनुपर्ने ।

(३)आवेदनका साथै वडा कार्यालयको सिफारिस अनिवार्य समावेश गरेको हुनु पर्नेछ।

**९. अनुगमन र मूल्याङ्कनः**

(१) कार्यक्रमहरुको प्रभावकारीता सम्बन्धमा समितिले नियमित वा आकस्मिक अनुगमन गर्न सक्नेछ ।

(२) कार्यक्रमा सहभागी भएका किसानहरुले उदेश्य वमोजिम काम गरे नगरेको बारे सेवा केन्द्रले नियमित अनुगन तथा मुल्याङ्कन गरी वार्षिक प्रतिवेदन तयार गरी पशु सेवा केन्द्रमा पेश गर्नेछ ।

(३) समूहले पाएको अनुदान वा बिउ पुँजीको दुरुपयोग गरेमा वा समूह निष्क्रिय भएमा दिइएको सहयोग सरकारी बाँकी सरह असुलउपर गरीनेछ र समुहको हकमा समूह दर्ता सम्म गर्न सकिनेछ ।

**१०. वितरण तथा भुक्तानी विधिः**

(१)कार्यविधि बमोजिमका सामग्रीहरू शाखा वा तोकिएका सेवा केन्द्रहरू मार्फत **पारदर्शी रुपमा जिन्सी सामाग्री वितरण** गरिनेछ र लाभ ग्राहीहरुको नाम सुचना पाटी र नगरपालिकाको वेवसाईटमा समेत राखिनेछ।

(२)व्यावसायिक स्टार्टअप र पूर्वाधार अनुदानको हकमा स्वीकृत कार्यविधि अनुसार रकम सोझैता **फार्म वा व्यक्ति वा सहकारीको नाममा रहेको बैंक खातामा** जम्मा गरिनेछ।

(३)समान वितरण गरि भर्पाई गरि कार्यालयको अभिलेखमा राखिनेछ ।

## परिच्छेद-६
## विविध

**११. बजेट तथा खर्चको व्यवस्थापनः (१) दफा ७ बमोजिमका कार्यक्रम**का लागि आवश्यक बजेट नगरपालिकाको स्वीकृत वार्षिक बाट खर्च गरिनेछ ।

(२) समितिको वैठक भत्ता, विज्ञ तथा प्राविधिकहरूको दैनिक भ्रमण भत्ता जुन कार्यक्रमकालागि हो सोही कार्यक्रमको स्वीकृत बजेटमा स्वीकृत टीप्पणी बमोजिम खर्च गर्न सकिनेछ ।

**१२. प्रचलित कानुन बमोजिम हुनेः** पशु विकास शाखाको स्वीकृत कार्यक्रम कार्यन्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएका विषय यसै कार्यविधि बमोजिम र यसमा उल्लेख नभएका विषय प्रचलित ऐन, कानुनमा (संघिय र प्रादेशिक) उल्लेख भए बमोजिम हुनेछ । साथै यो कार्यविधि अनुमोदन हुनु भन्दा अगाडी पशु विकास शाखाको स्वीकृत बजेटबाट भएका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

१३. **थपघट वा हेरफेर गर्न सक्नेः** (१) यो कार्यविधि निरन्तररुपमा कार्यन्वयन हुनेछ र कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभाबकारी बनाउन नगर कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्ने छ ।

(२) यस कार्याबिधिको कार्यन्वयनमा कुनै बाधा अवरोध र अस्पस्टता आएमा त्यस्तो बाधा, अवरोध र अस्पस्टता फुकाउने अधिकार नगर कार्यपालिकाका निहित रहेको छ ।

आज्ञाले
भक्तराज जोशी
प्रमुख प्रशासकिय अधिकृत

गौरीगंगा राजपत्र